"पर्यटकीय नगरी"

# सूर्योदय नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प.सं. ०७८/०७९/योजना
च.नं. ११५८

फिक्कल, इलाम
१ नं. प्रदेश, नेपाल

सूर्योदय नगरपालिकाको कार्यालय नगर कार्यपालिकाको कार्यालय फिक्कल, इलाम २०७३

मितिः- २०७८/०८/२६

**बिषयः- स्थानीय उपभोक्ता समितिबाट भौतिक पूर्वाधार तर्फका आयोजनाहरूको काम गराउने सम्बन्धमा महालेखा परीक्षणको कार्यालयबाट प्रकाशित ५८ औँ प्रतिवेदनको सुझाउ कार्यान्वयन गर्ने बारे।**

श्रीमान् वडाध्यक्षज्यूहरू सबै (१४ वटै) सू.न.पा. अन्तर्गतका सबै वडा (१४ वटै), इलाम।
श्री वडासचिवज्यूहरू सबै (१४ वटै) सू.न.पा. नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका सबै (१४ वटै) वडा कार्यालयहरू, इलाम।

उपर्युक्त सम्बन्धमा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७८/०७९, च.नं. १६०, मिति २०७८/०८/२१ को पत्रानुसार प्राप्त स्थानीय उपभोक्ता समितिबाट भौतिक पूर्वाधार तर्फका आयोजनाहरूको काम गराउने सम्बन्धमा महालेखा परीक्षकको कार्यालयबाट प्रकाशित ५८औँ प्रतिवेदनको सुझाउ कार्यान्वयन गर्ने बारेको पत्र र पत्रमा उल्लिखित निर्णय कार्यान्वयन गर्नु गराउनु हुन कार्यान्वयन गर्नुपर्ने तपशिल बमोजिमको निर्णयको व्यहोरा र माथि उल्लिखित च.नं.१६०, मिति २०७८/०८/२१ को पत्रको फोटोकपि यसैमा संलग्न राखी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

**तपशिल (कार्यान्वयन गर्नुपर्ने निर्णयको व्यहोरा)**

"सार्वजनिक खरिद नियमावली २०६४, को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सक्ने व्यवस्था छ। संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा कानुनी मान्यता दिन मिल्ने देखिदैन। यो वर्ष विभिन्न निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समितिहरू ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन। त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाहरूको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात समिति विघठन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाई हुने र त्यस्ता समितिले आय-व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने/ गराउने।"

२०७८/८/२६

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

(प्रकाशराज पौडेल)
**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थः**

श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाण्डौं।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (आर्थिक प्रशासन शाखा), सिंहदरवार, काठमाण्डौं।
श्रीमान् नगर प्रमुखज्यू, सू.न.पा. नगर प्रमुखज्यूको निजी सचिवालय, फिक्कल, इलाम।
श्रीमान् नगर उप-प्रमुखज्यू एवम् सू.न.पा. आयोजना तथा कार्यक्रम अनुगमन निरीक्षण समितिका संयोजकज्यू लगायत समितिका पदाधिकारी सदस्यज्यूहरू, सू.न.पा., फिक्कल, इलाम।
श्री सू.न.पा. नगर कार्यपालिकाको कार्यालय, आर्थिक प्रशासन शाखा/ आ.ले.प. शाखा/ योजना शाखा/ प्राविधिक शाखा/ संघ संस्था दर्ता शाखा, फिक्कल, इलाम :- *यस सम्बन्धमा योजना तथा प्राविधिक शाखाबाट र संघ संस्था दर्ता शाखबाट सबै प्राविधिकहरूलाई जानकारी गराउनुहुन।*